बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :-
चलानी नं. :-

प्राथमिकताकम निर्धारण गर्ने सम्बन्धी सूचना
(बढुवा समितिको कार्य व्यवस्थापन कार्यविधि,२०७९ को दफा १८ (१) को प्रयोजनका लागि प्रकाशित)
सूचना प्रकाशित मिति २०८१।०३।२६

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको देहायका बढुवा सूचना नं. सेवा/ समूहको रिक्त पदहरुमा बढुवा समितिको सचिवालयको च.नं. २५५, मिति २०८१।०३।२३ गतेको बढुवा नियुक्ति तथा पदस्थापन सम्बन्धी पत्रानुसार बढुवा सूचना नं. ५३/०८०-८१ मा सिफारिस हुनुभएका उम्मेदवारहरूले आफू सिफारिस हुन चाहेको स्थानीय तहको प्राथमिकताक्रम निर्धारण गरी यसै सूचनासाथ संलग्न निवेदनको नमूना अनुसार सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयको इमेल admin.ocmcm@bagamati.gov.np मा पठाउनुहुन अनुरोध छ। उम्मेदवारको योग्यताकम निर्धारण सिफारिस क्रमानुसार क्रमशः कायम हुनेछ । सबै उम्मेदवारहरुले सूचनाको म्याद अगावै प्राथमिकता निर्धारण गरी निवेदन पेश गरेमा बढुवा नियुक्ति एवम् पदस्थापनका लागि सम्बन्धित स्थानीय तहमा सिफारिस गरी पठाउन बाधा पर्ने छैन। तोकिएको म्यादभित्र प्राथमिकता निर्धारण गरी निवेदन पेश नगर्ने उम्मेदवारको हकमा प्राथमिकता निर्धारण भई बाँकी रहेको स्थानीय तहमा सिफारिस गरी पठाइने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

देहायः-

१. बढुवा सूचना नं. ५३/८०-८१ (ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन) इन्जिनियरिङ/सिभिल

(सिफारिसका लागि निवेदनको नमूना)

श्रीमान् प्रमुख सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बागमती प्रदेश, हेटौंडा ।

विषयः सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा बढुवा समितिको सचिवालयबाट मिति २०८१।०२।३२ गते प्रकाशित सूचना अनुसार बढुवा सूचना नं. ५३/०८०-८१ ,ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन अन्तर्गत मेरो नाम सिफारिस भएको हुँदा देहायको प्राथमिकताक्रम अनुसारको स्थानीय तहमा नियुक्तिका लागि सिफारिस गरिदिनुहुन अनुरोध गर्दछु।

| क्र.स | स्थानीय तह | माग पद सङ्ख्या | प्राथमिकताक्रम उल्लेख गर्दा पहिलो प्राथमिकताको स्थानीय तहलाई १, दोस्रोलाई २ गरी क्रमशः उल्लेख गर्ने |
|---|---|---|---|
| १. | काठमाडौं महानगरपालिका | ३ | |
| २. | चन्द्रागिरी नगरपालिका | १ | |
| ३. | भरतपुर महानगरपालिका | १ | |
| ४. | खैरहनी नगरपालिका | १ | |
| ५. | कालिका नगरपालिका | १ | |
| ६. | पाँचखाल नगरपालिका | १ | |
| ७. | पनौती नगरपालिका | १ | |
| ८. | हेटौंडा नगरपालिका | १ | |
| ९. | धुनिबेंशी नगरपालिका | १ | |
| १०. | ललितपुर महानगरपालिका | १ | |
| ११. | बेलकोटगढी नगरपालिका | १ | |
| १२. | मन्थली नगरपालिका | १ | |
| १३. | चौतारा साँगाचोकगढी नगरपालिका | १ | |
| १४. | कमलामाई नगरपालिका | १ | |
| १५. | दुधौली नगरपालिका | १ | |

निवेदकको:
हस्ताक्षर
नाम थर:
संकेत नं.